आज मिति २०८२ साल असार ०९ गते सोमबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ५८ औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन बिष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोका | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | श्री सुरज श्रेष्ठ | | |
| आमन्त्रित | | | | | |
| २४ | नीति तथा योजना आयोग उपाध्यक्ष | मण्डनदेउपुर न.पा. | श्री गोकुल गौतम | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | नीति तथा योजना आयोग सदस्य | मण्डनदेउपुर न.पा. | श्री कश्यप प्रसाद पौडेल | [signature] | |
| २६ | नीति तथा योजना आयोग सदस्य | मण्डनदेउपुर न.पा. | श्री ईश्वर ढकाल | [signature] | |
| २७ | अधिकृत आठौं | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | [signature] | |
| २८ | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज वजगाई | [signature] | |
| २९ | उप. ले.प. अ. | | चन्द्रमणि पौडेल | [signature] | |
| ३० | स. प्र. अ. | | पुनेश्वर अधिकारी | [signature] | |
| ३१ | रोजगार संयोजक | मण्डनदेउपुर न.पा | ईश्वर घोलोइले | [signature] | |
| ३२ | अ. सब इन्जिनियर | ,, | ,, केशव ब. रेडी | [signature] | |
| ३३ | | | | | |
| ३४ | | | | | |
| ३५ | | | | | |
| ३६ | | | | | |
| ३७ | | | | | |
| ३८ | | | | | |
| ३९ | | | | | |
| ४०. | | | | | |

## २०८२/०३/०९ गतेको नगर कार्यपालिकाको ५८औं बैठकका एजेन्डाहरू

१. मिति २०८२/०२/२६ गते बसेको कार्यपालिकाको ५७औं बैठकको निर्णय समीक्षा सम्बन्धमा।
२. आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने सम्वन्धमा।
३. स्रोत अनुमान तथा सीमा निर्धारण समितिको निर्णय अनुमोदन गर्ने सम्वन्धमा।
४. विनियोजन र आर्थिक विधेयक सभामा पेश गर्ने सम्वन्धमा।
५. न्यायिक समितिको प्रतिवेदन स्वीकृत गरी सभामा पेश गर्ने सम्वन्धमा।
६. लेखा समितिको बेरुजु सम्वन्धी प्रतिवेदन नगरसभामा पेश गर्ने सम्वन्धमा।
७. हाल सम्मको खर्च अनुमोदन गर्ने सम्वन्धमा ।
८. प्रथम नगर आवधिक योजना नगर सभा समक्ष पेश गर्ने सम्वन्धमा।
९. शहरी योजना तथा भवन निर्माण सम्वन्धि मापदण्ड,२०७४ संशोधन सम्वन्धमा।
१०. प्रथम नगर आवधिक योजनाको भुक्तानी सम्वन्धमा ।
११. विविध

### निर्णयहरु

**निर्णय नं.१**

मिति २०८२/०२/२६ गतेको कार्यपालिकाको ५७औं बैठकका निर्णय समिक्षा गरियो।

**निर्णय नं.२**

मण्डनदेउपुर नगरपालकाको आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम स्वीकृत गरी नगरसभाको १७औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

स्रोत अनुमान तथा सीमा निर्धारण समितिको निर्णय स्वीकृत गरी अनुमोदनका लागि नगरसभाको १७औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

मण्डनदेपुर नगरपालिकाको आगामी आ.व.२०८२/०८३ को लागि प्रस्तावित राजश्व र खर्च समावेश गरिएको विनियोजन विधेयक २०८२ र अर्थ सम्वन्धि कार्यलाई व्यवस्थित गर्न तयार गरिएको आर्थिक विधेयक, २०८२ स्वीकृतीका लागि नगरसभाको १७औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

मण्डनदेउपुर नगरपालिकाको न्यायिक समितिले चालु आ.व.२०८१/०८२ मा गरेका निर्णयहरुको प्रतिवदेन स्वीकृत गरी नगरसभाको १७औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.६**

लेखा समितिको प्रतिवेदन र बेरुजु फर्स्यौट र सम्परिक्षण सम्वन्धि प्रस्तावना स्वीकृतीका लागि नगरसभाको १७औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

मण्डनदेउपुर नगरपालिकाको चालु आ.व. २०८१/०८२ को चालु अवधि (२०८१/०४/०१ देखी २०८२/०३/०६ सम्म) को आय तथा व्यय स्वीकृत गरी अनुमोदनका लागि नगरसभाको १७औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

नगर कार्यपालिकाले तयार पारेको मण्डनदेउपुर नगरपालिकाको प्रथम नगर आविधक योजना स्वीकृतका लागि नगरसभाको १७औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**

मण्डनदेउपुर नगरपालिकाको शहरी योजना तथा भवन निर्माण सम्वन्धि मापदण्ड, २०७४ संशोधनका लागि नगरसभाको १७औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

नगर कार्यपालिकाले तयार पारेको मण्डनदेउपुर नगरपालिकाको प्रथम नगर आवधिक योजनाको भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.११ विविध**

क) नगरपालिकामा आवश्यक अस्थाई दरवन्दी स्वीकृत गर्न नगरसभाको १७औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

ख) नगरपालिकामा अस्थाई दरबन्दीमा कार्यरत करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन नगरपालिकाको तर्फबाट योगदान गर्नुपर्ने रकम नियमानुसार उपलब्ध गराउने गरी प्रस्ताव नगरसभाको १७औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

ग) मण्डनदेउपुर नगरपालिका नगरसभाको १७औं अधिवेशनको तयारीमा खटिएका कर्मचारीहरुलाई एक महिना बराबरको अतिरिक्त सेवा सुविधा रकम उपलब्ध गराउने निर्णय गरियो ।

घ) मण्डनदेउपुर नगरपालिकाको शिक्षा नियमावली,२०७४, मण्डनदेउपुर नगरपालिकाको करार ज्यालादारीमा कर्मचारी व्यवस्थापन कार्यविधि,२०८० संशोधन गर्न विधायन समिति मार्फत नगरसभाको १७औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

ङ) हिगुवापाटी प्रहरी चौकी, देउपुर प्रहरी चौकी र अट्टेडाँडा प्रहरी चौकीले यस नगरपालिकामा पेश गरेको निवेदन अनुसारको विपद् उद्दार सामग्रीहरु खरिद गरि उपलब्ध गराउने निर्णय गरियो ।

च) वडा नं.१० निवासी कमान सिं तामाङको घरमा मिति २०८२/०२/०३ गतेको हावाहुरिका कारण लाकुरीको रुख ढलेर घरको छानामा क्षति भएकोले प्राविधिक लागत इस्टिमेट बमोजिम जस्ता उपलब्ध गराउने निर्णय गरियो ।

छ) वडा नं.१२ निवासी ददिराम दमाई आर्थिक रुपले विपन्न भएकोले निजको घरको छाना छाउन जस्तापाता खरिदका लागि ३५०००/- (अक्षरुपी पैतीस हजार मात्र) भुक्तानी दिने निर्णय गरियो।

ज) वडा नं.८ कान्छा राईको छोराहरु राजकुमार राई, रामकुमार राई र कृष्ण राई तीनै जना पूर्ण रुपले अशक्त रहेको र निजको आर्थिक अवस्था कमजोर भएकोले निजको छोराहरुको औषधी उपचार लागि रु.२५०००/- (अक्षरुपी पच्चीस हजार मात्र) आर्थिक सहयोग र खाद्य सामग्री उपलब्ध गराउने निर्णय गरियो।

झ) जापानको फुजिनोमिया नगरसँग भगिनी सम्बन्ध स्थापनार्थ नगर प्रमुख टोक बहादुर तामाङ (वाइबा) को नेतृत्वको ८ सदस्यीय भ्रमण टोलीको मिति २०८१/१०/०६ गतेदेखि २०८१/१०/१४ गतेसम्मको जापान भ्रमणको क्रममा खाना, खाजा, आवास, तथा अन्य फुटकर खर्च भ्रमण टोली सदस्यहरुले व्यक्तिगत रुपमा व्यहोरेको र प्लेन टिकट वापतको प्रति व्यक्ति रु.१,४९,५००/- (अक्षरुपी एक लाख उनन्पचास हजार पाँच सय मात्र) का दरले भुक्तानी दिने निर्णय गरियो ।

ञ) वडा नं.२ निवासी विकास तामाङको छोरा उमेर ४५ दिनको हाल फोक्सो सम्बन्धि स्वास प्रस्वासमा समस्या भई त्रि.वि. अस्पतालमा उपचाररत भइरहेको र निजको पारिवारिक आर्थिक अवस्था कमजोर भएकोले निजको छोराको उपचारका लागि रु.३५०००/- (अक्षरुपी पैतीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।